सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

सम्माननीय प्रधान न्यायाधीशज्यूको मिति २०७७।०४।३० को निर्णयानुसार न्यायपालिकामा हुनसक्ने विकृति, विसंगति, अनियममितता वा भ्रष्टाचार एवं विचौलियाबाट हुनसक्ने क्रियाकलापहरू रोकथामका लागि आवश्यक कानूनी, संरचनागत लगायतका उपायहरूसहितको प्रतिवेदन र सुझावहरू कार्यान्वयनका लागि जिम्मेवारीसहितको कार्ययोजना प्रस्ताव गर्न यस अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा गठित समितिले मिति २०७८।०४।१४ मा सम्माननीयज्यू समक्ष प्रतिवेदन पेस गरेको र उक्त प्रतिवेदनमा न्यायपालिकामा हुनसक्ने विकृति, विसंगति, अनियमितता वा भ्रष्टाचार एवं विचौलियाको रोकथाम तथा नियन्त्रणका उपायसम्बन्धी सुझावहरू अन्तर्गत जिल्ला अदालतमा एउटै न्यायाधीशलाई शुरूदेखि अन्तसम्म मुद्दा तोक्ने प्रणाली र सर्वोच्च तथा उच्च अदालतमा इजलास गठन गर्ने र पेसी तोक्ने सम्बन्धमा भईरहेको कानूनी व्यवस्थामा संशोधन गरी स्वचालित पेसी सूची प्रणाली **(Automated Cause List System)** लागू गर्नुपर्ने र स्वचालित पेसी सूची प्रणाली लागू नहुँदासम्म पारदर्शी र विश्वसनीय ढंगले गोलाप्रथा (राफल प्रणाली) द्वारा पेसी सूची प्रकाशन गर्नुपर्ने र सुझाव कार्यान्वयनको कार्ययोजनामा उपरोक्त सुझावअनुसारको कार्य २०७८ मंसिरदेखि कार्यान्वयन गर्नुपर्ने भन्ने उल्लेख भएको छ। साथै उक्त समितिले न्यायपरिषद्सँग सम्बन्धित सुझाबहरुसमेत उल्लेख गरेको छ।

उक्त समितिले पेस गरेको कार्ययोजनासहितको उपरोक्त प्रतिवेदनको पेसी सूची प्रणालीसम्बन्धी सुझाव कार्यान्वयनका लागि अदालतसम्बन्धी नियमावलीहरूमा संशोधन भई स्वचालित पेसी प्रणाली लागू नहुँदासम्म उच्च तथा जिल्ला अदालतहरूमा गोलाप्रथा (राफल प्रणाली) द्वारा पेसी सूची प्रकाशन गर्नुपर्ने अवस्था हुँदा तोकिएको मिति २०७८ मंसिरदेखि उक्त प्रणाली लागू गर्न आवश्यक तयारी र व्यवस्था गर्नु भनी सबै उच्च तथा जिल्ला अदालतहरूमा परिपत्र गरिएको र न्याय परिषद्सँग सम्बन्धित सुझावहरू कार्यान्वयनका लागि न्याय परिषद्मा मिति २०७८।०४।१७ गते पत्राचार गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ।

मिति : २०७८।०४।१७

बाबुराम दाहाल
प्रवक्ता